# मिथिला नगरपालिका

# स्थानीय राजपत्र

खण्डः६ | संख्याः१ | मितिः २०७९।०४।०१


## भाग-२

## मिथिला नगरपालिका

### ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदिमा अमानतबाट राजस्व संकलन गर्ने कार्ययोजना- २०७९
### मान्य अवधि ( २०७९ श्रावण ०१ देखि ठेक्का बन्दोवस्त नभए सम्म)

**पृष्ठभूमिः**

- नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रबाट निकासी हुने ढुङ्गा , गिट्टी, वालुवा, ग्राभेल आदिमा प्रदेश सरकारबाट तोकिएको दरमा संकलन शुल्क तथा विक्री शुल्क लगाउन पाउने व्यवस्था भए बमोजिम यस नगरपालिकाले यस आ.व.मा कर संकलन गर्नुपर्ने भएको छ । यस आ.व.मा नगरपालिकाले ढुङ्गा , गिट्टी, वालुवा, संकलन एवं विक्री प्रयोजनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गरी त्यसले तोकेको परिमाण भित्र रहेर संकलन एवं बिक्री गर्नुपर्ने गरी प्रदेश सरकारले समय समयमा परिपत्र आदि गरेको छ। विभिन्न तरिकावाट संकलन तथा उत्पादन भै बिक्री हुने ढुङ्गा , गिट्टी , वालुवा, ग्राभेल आदि मा नगरपालिकाले तोकिएको दर र प्रारंम्भिक वातावरणिय परिक्षणले तोकेको परिमाण, जोखिमपूर्ण भनि जिल्ला विपद् व्यवस्थापन समितिले हटाउनु पर्ने भनेको परिमाण तथा स्टकको रुपमा रहेको परिमाण भित्र रहेर ठेक्का पट्टा मार्फत कर संकलनको लागि प्रकृया अगाडि बढाउनुपर्ने भएको र उक्त ठेक्का सम्झौता असोज ०१ गते देखि मात्र लागु हुन सक्ने प्रावधान रहेकोले उक्त अवधि सम्मको लागि निकासी राजश्व संकलन हुन बाञ्छनीय रहेकोले,
- यस कार्य योजना बमोजिम नगरपालिकाले आफ्नै कर्मचारीहरु तथा स्थानीय अनुभवि ब्यक्तिहरुलाई समेत खटाएर चुहावट रहित कर संकलन गर्ने प्रयास गरेको छ । यसरी कर संकलन प्रयोजनको लागि कसरी नियमित एवं व्यवस्थित गर्न सकिन्छ , र बढी राजस्व कसरी संकलन गर्न सकिन्छ तथा कर संकलन कार्यमा कति खर्च लाग्न सक्छ भन्ने कुराहरुलाई समेटी यो कार्ययोजना तयार गरिएको छ । प्रारम्भिक वातावरणिय अध्ययन प्रतिवेदन बमोजिम ठेक्का वन्दोवस्ती नभए सम्मको लागि यो कार्ययोजना मिति २०७९/०४/०१ देखि कार्यान्वयनमा आउनेछ ।

**ठेक्का वन्दोवस्ती व्यवस्थित गराउन गरीएका प्रयासहरुः**

- IEE प्रतिवेदन तयार गरी स्वीकृत गराइएको।
- स्टक परिमाण नापजांच गर्न लगाइएको।
- राजश्व परामर्श समितिको बैठक बसि निर्णय गरिएको ।

**उद्देश्यहरुः**

- नगरपालिकाको आन्तरिक राजस्वमा बृद्धि गर्न ।
- राजस्व चुहावटलाई नियन्त्रण र व्यवस्थित गरी दिगो व्यवस्थापन गर्न ।
- नगरपालिकामा रहेका स्थानीय स्रोत र साधनलाई सदुपयोग हुने गरी कर लगाउन ।

- नदिजन्य पदार्थको व्यवस्थापनलाई वातावरणमैत्री वनाउन ।
- संकलनको अर्को व्यवस्था नभए सम्मको लागि कर संकलन कार्यलाई पारदर्शी एवं व्यवस्थित गर्नु ।
- निर्माण सामग्रीको अभावले हुने कृतिम अभाव तथा मुल्यबृद्धि नियन्त्रण गर्न ।
- सार्वजनिक एवं निजी विकास निर्माण कार्यलाई सहजिकरण गर्न ।

**विधिः**

नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको प्राकृतिक स्रोत तथा साधनहरुको संकलन , बिक्री गर्दा त्यसमा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही नगरसभा तथा प्रदेश सकारले निदृष्ट गरेको दररेट भित्र रहेर कर लगाउन सक्ने व्यवस्था भए बमोजिम नगरपालिकाले ठेक्का बन्दोबस्त मार्फत कर संकलन गर्नको लागि तयार गरेको ठेक्का बन्दोबस्त नभए सम्मको लागि कार्यालय आफैंले कर संकलन गर्नु बाध्यता रहेकाले अर्को व्यवस्था नभए सम्मको लागि यस बिचको अबधिमा नगरपालिकाले आफ्नै कर्मचारी तथा बाहिरका अनुभवी व्यक्तिहरुलाई छनौट गरि विभिन्न नाकामा खटाई कर संकलन गर्ने व्यवस्था गर्ने छ । यसरी कर संकलन प्रयोजनको लागि कर संकलन केन्द्र , चेकिङ्ग पोइन्ट एवम् मोबाइल चेकिङ्ग टोलीको माध्यमबाट कर संकलन गर्नको लागि कर्मचारीहरुलाइ परिचालन गर्ने विधि अपनाइने छ । कर संकलन प्रयोजनका लागि नगरपालिकामा कर संकलन हुने क्षेत्रलाई बढीमा पाँच क्लष्टरमा विभाजन गरिनेछ । पाँचवटै क्लष्टरमा नगरपालिकाको कर्मचारीलाई ईन्चार्जको रुपमा राखी सोही ईन्चार्जको माध्यमबाट रसिद वितरण गर्ने, नगद संकलन गर्ने , त्यस क्लष्टरमा रहेका कामदारहरुको लागि आवश्यक सामानहरुको माग गर्ने तथा त्यस क्लष्टरको कामको नियमित संचालन गरि सो को प्रगती नगरपालिकामा पेश गर्ने कार्य गर्नेछन् ।

**उक्त पाँच क्लष्टरहरु देहाय अनुसार रहने छन् ।**

| क्लष्टर नं. | क्षेत्र | ईन्चार्जको नाम थर | कैफियत |
|---|---|---|---|
| क्लष्टर नं. १ | लालगढ क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं. २ | नक्टाझिज क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं. ३ | पुष्पवलपुर क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं. ४ | हरिहरपुर क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |
| क्लष्टर नं. ५ | तुलसी क्षेत्र | नियुक्तिमा तोकिए अनुसार | |

यसरी कर संकलनमा रसिद वितरण गर्दा ईन्चार्जलाई एक पटकमा वढिमा ३ प्याड रसिद उपलव्ध गराउने र अर्को पटकमा रसिद लिन आउदा अघिल्लो पटक लगेको २ प्याड रसिदको रकम तेरिज सहित कार्यालयको नाममा वैक खातामा बुझाई भौचर उपलव्ध गराए पश्चात मात्र प्राप्त भएको प्याडको आधारमा नयां प्याड उपलव्ध गराईनेछ । कार्यालयबाट प्रमाणित गरेर मात्र ईन्चार्जहरुलाई रहिद प्याड हस्तान्तरण गरिने छ । रकम दाखिलाको हकमा कर संकलकहरुले कार्यालयमा नगद वा वैक भौचर पेश गरेपछि राजश्व शाखावाट भर्पाई (नगद प्राप्तीको रसिद) प्राप्त गर्नेछन् । सो रकमको तेश्रो प्रति रसिदसंग रसिदको सिलसिलेवार नम्वर अनुसारको दैनिकि समेत नियमितरुपमा भरी फांटवारी समेत पेश गरी हिसाव मिलान गर्नु कर संकलकहरुको दायित्व हुनेछ । आर्थिक प्रशासन शाखामा आय दाखिला गर्दा प्रत्येक आयका साथ दोश्रो (पहेंलो) प्रति नगदि रसिद सम्लग्न हुनेछ ।

**कर्मचारीहरुको परिचालन निम्नानुसार गरिनेछ ।**

| क्र.सं. | कार्य जिम्मेवारी | कर्मचारी पद/नाम | समय | स्थान |
|---|---|---|---|---|
| १ | नाकाको सुपरिवेक्षण तथा अनुगमन गर्ने | नगर प्रमुख/उप प्रमुख | जुनसुकै समय | सबै नाकाहरु |
| २ | कर सम्वन्धी सबै कार्यको संयोजन | प्रमुख प्रशासकीय अधिकृत | जुनसुकै समय | सबै नाकाहरु |
| ३ | कर संकलनमा खटिएका कर्मचारीहरुलाई आवश्यक व्यवस्थापन गर्ने । | प्रशासन शाखा | जुनसुकै समय | सबै नाकाहरु |
| ४ | कर संकलन रकमलाई रुजु गर्ने, कर संकलनमा खटिएका कर्मचारीहरुको तलब भत्ता वितरणको व्यवस्था गर्ने । | आर्थिक प्रशासन शाखा | जुनसुकै समय | सबै नाकाहरु |
| ५ | रसिद लेखाजोखा राख्ने, प्राप्त बैङ्क भौचर आ.प्र. शाखामा पेश गर्ने व्यवस्था मिलाई ठेक्का व्यवस्थापन लगायतका अन्य सबै कार्यहरुको व्यवस्थापन गर्ने। | राजश्व उपशाखा | जुनसुकै समय | सबै नाकाहरु |
| ६ | प्राप्त नगद वैक दाखिला गर्ने, नाकामा रसिद वितरण गर्ने, प्राप्त रसिदको | ले.पा./क.अ. | जुनसुकै समय | सबै नाकाहरु |

| | | | | |
|---|---|---|---|---|
| | अर्धकट्टी नियमित आयो आएन रेखदेख गरी फांटवारी तयार गर्ने, नाकाको नियमित सुपरिवेक्षण गर्ने, अन्य तोकिएको राजश्व सम्वन्धी कार्य गर्ने। | | | |
| ७ | राजश्व शाखामा रसिद तथा आवश्यक सामाग्री उपलव्ध गराउने तथा व्यवस्थापनको लागि कर संकलन गर्ने नाकाहरुको आवश्यक सामाग्रीको व्यवस्थापन गर्ने। | जिन्सी ईकाई | जुनसुकै समय | सबै नाकाहरु |
| ८ | रसिदमा छाप हान्ने, नियमित सामानको व्यवस्था गर्न सहयोग गर्ने, राजस्व शाखामा कर्मचारी नभएको अवस्थामा आवश्यक सहयोग गर्ने। | का.स. | जुनसुकै समय | सबै नाकाहरु |

**अनुगमन तथा सुपरीवेक्षणः**

अमानत मार्फत नाकाहरुमा कर संकलन केन्द्र स्थापना गरि कर संकलन गर्ने कार्यको नियमित अनुगमन नगरपालिकाले गर्ने छ। जसमा देहाय अनुसारको अनुगमन समिति रहनेछ।

- संयोजक – नगर प्रमुख
- सदस्य – नगर उप प्रमुख
- सदस्य – नाका रहेको वडाको वडा अध्यक्ष

अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषय वस्तुहरु उपर दिने राय, सल्लाह, सुझाव र प्रतिवेदनको आधारमा थप कार्य योजना तर्जुमा गरिनेछ।

**खर्च अनुमानः**

नगरपालिकाले आफैंद्वारा कर उठाउने क्रममा लाग्न सक्ने खर्चको अनुमान निम्न अनुसार हुनेछ।

- नाकामा कर संकलन गर्ने कार्यका लागि भर्ना भई खटिने कर्मचारीहरुलाई दैनिक रु. ७१५।- मा वा मासिक रु. २१,४५०।- मा नबढ्ने गरि पारिश्रमिक भुक्तानी गरिनेछ।
- प्रत्येक नाका संचालन गर्न मासिक रुपमा अधिकतम् रु. ५०००।- प्रति नाका संचालन खर्च भुक्तान गरिनेछ।
- कर संकलनमा खटिने कर्मचारीको मनोबल उच्च पार्ने प्रयास स्वरुप संकलित कुल रकमको अधिकतम् १०% वा कर्मचारीको सुरु तलबमानको अधिकतम् १००% मा नबढ्ने गरि प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- नाकामा कर संकलन केन्द्र स्थापना गर्न अधितम् प्रति नाका रु. १०,०००।- का दरले कार्यालय व्यवस्थान खर्च अग्रिम रुपमा भुक्तानी गरिनेछ।
- अनुगमन वापतको भत्ता प्रदेश सरकारको मापदण्ड अनुसार बढीमा तीन पटकको उपलब्ध गराईनेछ।

**खर्चमा मितव्ययिताका लागि देहाय वमोजिमको नीति लिईनेछ।**

- सम्लग्न अनूसूचिमा उल्लेखित कर्मचारीहरु अधिकतम रुपमा प्रयोग गर्नका लागि तयार गरीएको छ, तर सकेसम्म कार्यालयका कर्मचारीहरु खटाई कर संकलन गरिने छ।
- कार्यालयका कर्मचारीहरु लाई कर संकलन कार्यमा सहयोग गर्न स्थानीय अनुभवी व्यक्तीहरुलाई आवश्यकता अनूसार प्राथमिकता तोकि खटाईने छ। सो कर संकलनका लागि खटिने कर्मचारीहरुका लागि समेत उल्लेखित रकमको सिमा भित्र रही खर्च व्यवस्थापन गरिने छ।
- यो कार्ययोजना राजस्व संकलनको अर्को व्यवस्था नभए सम्मको लागि कायम रहने छ।

**आगामि दिनमा गर्न सकिने कार्य।**

- अनुगमन समितिको प्रतिवेदन अनुसार कार्य योजनामा आवश्यक परिमार्जन गर्ने।
- संकलित राजश्वको केहि हिस्सा वातावरण संरक्षण तथा विपद् व्यवस्थापनको क्षेत्रमा प्रयोग गर्ने।

आज्ञाले,
रचिन्द्र डंगोल
प्रमुख प्रशासकीय अधिकृत